आज मिति २०७५ मंसिर २५ गते मंगलबार दिनको १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६२ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री शारदा आचार्य | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती**:-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.
२. शाखा अधिकृत श्री सोमा खड्का
३. लेखा अधिकृत श्री बिन्जु बज्राचार्य
४. क.अ. श्री गीता तामाङ
५. क.अ. श्री विकास गुरुङ

मिति २०७५/८/२४ गते नगर प्रमुख ज्यूबाट मिति २०७५/८/२५ गते मंगलबार दिनको १:०० बजे नगर कार्यपालिकाको ६२ औं बोर्ड बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिका बाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | नविकरण दस्तुर फिर्ता सम्बन्धमा । | | • अल्ट्रा इन्जिनियरिङ एण्ड कन्ट्रक्सन प्रा.लि. को घ वर्गको ठेक्काक नविकरण कीर्तिपुर नगरपालिकामा गराउनु पर्नेमा सो को नविकरण दस्तुर ५,०००।— भुलबस यस कार्यालयमा दाखिला भएकोले विविध शीर्षकबाट उक्त नविकरण दस्तुर फिर्ता गर्ने । |
| २. | अपाङ्ग परिचयपत्र सम्बन्धि । | | • नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले जारी गरेको अपाङ्ग परिचयपत्र सम्बन्धि नमुना कार्यविधिलाई आधार मानी तयार गरियो । दक्षिणकाली नगरपालिकाको अपाङ्ग परिचयपत्र सम्बन्धि कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो । |
| ३. | स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि सम्बन्धमा । | | • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका तथा कार्यविधि मापदण्ड नगरपालिकाको राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले दक्षिणकाली नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो । |
| ४. | विद्यालय लेखा परिक्षण कार्यविधि २०७५ सम्बन्धमा । | | • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) बमोजिम भएको विद्यालयको शिक्षा सम्बन्धिका काम कर्तव्य र अधिकार यस दक्षिणकाली नगरपालिकाको जिम्मेवारीमा रहेको हुँदा विद्यालयको लेखा व्यवस्थापन गर्नको लागि दक्षिणकाली नगरपालिका विद्यालय लेखा परिक्षण कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो । |
| ५. | जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५ सम्बन्धमा । | | • जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था भएको हुँदा दक्षिणकाली नगरपालिकाको जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो । |
| ६. | समितिका लागि सदस्य सचिव तोकिएको | | • स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार यस नगरपालिका अन्तर्गत रहेका |

| | | | |
|---|---|---|---|
| | सम्बन्धमा । | | निम्नानुसारका क्षेत्रगत बजेट तथा विकास समितिहरुमा देहाय बमोजिम सदस्य सचिव तोक्ने र सदस्य सचिव संयोजकसँग समन्वय गरी बैठक व्यवस्थापन गर्ने र सोसँग सम्बन्धित दस्तावेज सुरक्षित राखी कार्यालय प्रमुखसँग समन्वय गरी निर्णय कार्यान्वयन गर्ने ।<br>**<u>समितिहरु</u>**<br>१. संस्थागत विकास तथा सेवा प्रवाह समिति — प्रशासन शाखा प्रमुख<br>२. आर्थिक विकास समिति — प्रशासन शाखा प्रमुख<br>३. पूर्वाधार विकास समिति — योजना शाखा प्रमुख<br>४. सामाजिक विकास समिति — सामाजिक विकास शाखा प्रमुख<br>५. वातावरण व्यवस्थापन समिति — योजना शाखा प्रमुख |
| ७. | विषयगत शाखाहरुको साईनबोर्ड र पत्राचारको लागि लेटर प्याड सम्बन्धमा । | | • संघीयता कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानीय तहको संरचना बनाईएको र जिल्ला स्तरीय विषयगत कार्यालयहरु खारेज भई विषयगत शाखाको रुपमा नगरपालिकामा स्थापना भएका हुँदा विषयगत शाखाहरुको साईनबोर्ड र पत्राचारको लागि लेटर प्याडमा देहाय बमोजिम उल्लेख गरी तयार गर्ने ।<br>**१. कृषि तर्फः**<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>(कृषि शाखा)<br>फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल<br>**२. पशु विकास तर्फः**<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>(पशु सेवा शाखा)<br>फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल<br>**३. शिक्षा तर्फः**<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>(शिक्षा शाखा)<br>फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल<br>४. स्वास्थ्य तर्फः<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>(स्वास्थ्य शाखा)<br>फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>………………… स्वास्थ्य केन्द्र/चौकी<br>काठमाडौं, ३ नं प्रदेश नेपाल<br>५. आयुर्वेद तर्फः<br>दक्षिणकाली नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>(आयुर्वेद औषाधालय)<br>फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल</td>
</tr>
<tr>
<td>८.</td>
<td>विषयगत शाखाहरुको बजेट बाँडफाँड सम्बन्धमा ।</td>
<td></td>
<td>
• यस नगरपालिकाको दोश्रो नगरसभाबाट स्वीकृत गरिएको विषयगत शाखाहरुको बजेटलाई विभिन्नह क्रियाकलापमा विभाजन गरी देहाय बमोजिमको कार्य गर्न स्वीकृत गरियो ।<br>
१. कृषि विकास तर्फ (कुल विनियोजित बजेट रु. २५,००,०००।-)
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>विनियोजित रकम</th><th>कार्यक्रम संचालन हुने स्थान</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>कृषि समुह गठन, नविकरण, विस्तार र विज्ञबाट सम्भाव्यता अध्ययन</td><td>२,२५,०००।-</td><td>सबै वडाहरु</td><td></td></tr>
<tr><td>२.</td><td>विषादी/फेरोमेन ट्र्याप खरिद, ढुवानी र वितरण</td><td>२,००,०००।-</td><td>सबै वडाहरु</td><td></td></tr>
<tr><td>३.</td><td>विभिन्न तरकारीको विउ विजन खरिद, ढुवानी र वितरण</td><td>२,५०,०००।-</td><td>सबै वडाहरु</td><td></td></tr>
</table>
</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४. | फलफुल विरुवा खरिद, ढुवानी र वितरण | २,५०,०००।- | सबै वडाहरु | |
| ५. | धान दिवस | १,००,०००।- | नगरपालिकाले छनौट गरेको स्थान | |
| ६. | व्यवसायीक फुल खेती विस्तार | २,५०,०००।- | आवश्यकता अनुसार | |
| ७. | पकेट क्षेत्र विस्तार कार्यक्रम | १,५०,०००।- | आवश्यकता अनुसार | |
| ८. | कृषि शाखा स्तरीय कृषि सामाग्री (सिकेचर, आरी, स्प्रे, एप्रोन, फल टिप्ने झोला इत्यादी) खरिद, ढुवानी । | १,२५,०००।- | कृषि शाखा मार्फत | |
| ९. | प्लाष्टिक घर निर्माण (प्लाष्टिक, मल, विउ, विषादी) खरीद, ढुवानी, वितरण । | २,५०,०००।- | सबै वडाहरु | |
| १०. | मिनी ट्र्याक्टर तथा उपकरण खरीद, ढुवानी, वितरण । | ४,००,०००।- | कृषकको मागको आधारमा | २५ प्रतिशत लागत सहभागीता |
| ११. | अनुगमन मुल्याङ्कन तथा समिक्षा | १,००,०००।- | सबै वडाहरु | |
| १२. | कृषकलाई कृषि सामाग्री (प्लाष्टिक ट्रे, विषादी छर्दा प्रयोग हुने सामाग्री, स्प्रे टंकी खरिद, ढुवानी, वितरण) | २,००,०००।- | सबै वडाहरु | |

२. पशु विकास तर्फ (कुल विनियोजित बजेट रु. १०,००,०००।-)

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | खोरेत, एच.एस.वि.क्यू, स्वाइन फिभर, पि.पि.आर., रेविज, रानीखेत, गम्बरो, सि.आर.डि. लिच्ची हर्ट डिजिज आदी (भ्याक्सिनेटेरलाई प्रति पशु खोप लगायत ईपिडेमिक रोग नियन्त्रण र गोबर जाँच मेशिन समेतलाई) | ३,५०,०००।- | सबै वडामा | |

| | | | | |
|---|---|---|---|---|
| २. | पशु पन्छी उपचार | ५०,०००।- | सबै वडामा | |
| ३. | पशु पालक किसानको लागि व्यवसायिक तालिम र उपचार | १,५०,०००।- | सबै वडालाई समेटेर | |
| ४. | उन्नत जातको व्याडे बोका वितरण कार्यक्रम | ३,००,०००।- | दर्तावाला फर्मबाट माग भइ आएको आधारमा | २५ प्रतिशत लागत सहभागीता |
| ५. | गौशाला अध्ययन अवलोकन तथा पूर्व तयारी | १,००,०००।- | उपयुक्त स्थान छनौट गरि। | |
| ६. | सामुदायिक कुकुर नियन्त्रण र भ्याक्सीनेशन कार्यक्रम | ५०,०००।- | | |

३. स्वास्थ्य तर्फ (कुल विनियोजित बजेट रु. २५,००,०००।-)

| क.सं. | कार्यक्रम | विनियोजित रकम | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | महामारी व्यवस्थापन (महामारी फैलिएमा औषधि तथा कर्मचारी परिचालनको लागि) | १,००,०००।- | आवश्यकता अनुसार | |
| २. | स्वास्थ्य संस्था व्यवस्थापनको लागी | २,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| ३. | जेष्ठ नागरिक स्वास्थ्य शिविर तथा दमको लागि औषधि खरिद | ५,००,०००।- | सबै वडालाई समेट्ने गरी | |
| ४. | मसलन्द तथा औषधि ढुवानी | १,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| ५. | उपकरण तथा औजार खरिद र मर्मत | २,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| ६. | गाउँघर क्लिनिक व्यवस्थापन | ५०,०००।- | सबै वडालाई समेट्ने गरी | |
| ७. | स्वास्थ्य संस्थाहरुमा ईन्टरनेटको व्यवस्था | १,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| ८. | महिलाहरुको स्वास्थ्य परिक्षण (Pap Smear Test) | ५,००,०००।- | सबै वडालाई समेट्ने गरी | |
| ९. | चाल्नाखेल स्वास्थ्य केन्द्रको प्रयोगशालन | १,००,०००।- | वडा नं १ | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन | | चाल्नाखेल प्रा.स्वा.के. | |
| १०. | दक्षिणकाली स्वास्थ्य चौकीमा परिवार नियोजन सेवा विस्तारको लागि | १,००,०००।- | दक्षिणकाली स्वा.चौ. | |
| ११. | स्वास्थ्य कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन र समिक्षा | २,००,०००।- | सबै स्वास्थ्य संस्था र केन्द्रको समेत समिक्षा | |
| १२. | स्वास्थ्य कार्यक्रमको डि.एच.आई.एस. तालिमको लागि | २,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| १३. | महिला स्वास्थ्य स्वयं सेविका क्षमता विकास कार्यक्रम | १,००,०००।- | सबै स्वास्थ्य संस्था | |
| १४. | स्वास्थ्य अवस्थाको बारेमा डकुमेन्ट्री तयार गर्न | ५०,०००।- | नगरपालिका सबै | |

४. आयुर्वेद तर्फ (कुल विनियोजित बजेट रु. २,००,०००।-)

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँघर क्लिनिक, नसर्ने रोग व्यवस्थापन कार्यक्रम जनचेतना मुलक तालिम कार्यक्रम र जेष्ठ नागरिक शिविर | ५०,०००।- | आवश्कता अनुसार | |
| २. | जडिबुटी खेती चिरायो प्रवर्द्धन कार्यक्रम लगायत अन्य | ५०,०००।- | आवश्कता अनुसार | |
| ३. | आयुर्वेद औषधि खरिद | ५०,०००।- | आवश्कता अनुसार | |
| ४. | स्थनपायी आमाहरुलाई मातृशिशु सुरक्षा, दुग्ध बर्धक जडीबुटी जन्य औषधि सम्बन्धि जनचेतना मुलक तालिम कार्यक्रम | ५०,०००।- | आवश्कता अनुसार | |

| | | | |
|---|---|---|---|
| १०. | विद्यालयका भौतिक संरचना निर्माण सम्बन्धमा । | | • वि.सं. २०७२ बैशाख १२ मा गएको विनाशकारी भूकम्पबाट धेरै विद्यालयका भौतिक संरचनाहरु विग्रिन गएको हुंदा हाल चालु अवस्थामा रहेका विद्यालयहरुको घडेरी छनौट गरी सम्म बनाएको खण्डमा पुन निर्माण प्राधिकरणबाट भवन बनाउने जिल्ला आयोजना कार्यान्वयन ईकाईको च.नं. ८० मिति २०७५/८/५ को पत्र सम्बन्धमा जानकारी गराईयो । |

| | | | |
|---|---|---|---|
| ११. | दक्षिणकाली नगर शिक्षा ऐन २०७५ | | • दक्षिणकाली नगर शिक्षा ऐन २०७५ मा भएको नगर शिक्षा समिति , अनुगमन समिति लगायतका अन्य समितिहरुमा नगर प्रमुखले मनोनयन गर्ने सदस्यहरुका अलावा अन्य मनोनयन हुने सदस्यहरु समेत मनोनयन गर्ने जिम्मेवारी दिने निर्णय गरियो। |